NJ: NUTA

# नेपालमा दर्शनशास्त्र-पठनपाठन परम्पराको समीक्षा

**सुदर्शन ढुङ्गाना**
सर्वदर्शन विभाग, बाल्मीकि विद्यापीठ, नेपाल संस्कृत विश्वविद्यालय
**इमेल :** dhungana.shu@gmail.com
**DOI:** https://doi.org/10.3126/nutaj.v11i1-2.77032

**लेखसार**

उच्च शिक्षामा पूरक विषयका रूपमा दर्शनशास्त्रको पठनपाठनको लामै परम्परा भए पनि मूल विषय नै दर्शनशास्त्र लिएर पढ्ने विद्यार्थीको सङ्ख्या भने थोरै रहेको छ । यस सन्दर्भमा नेपालका विश्वविद्यालयमा दर्शनशास्त्रको पठनपाठनको अवस्था कस्तो छ ? किन दर्शनशास्त्रलाई थोरै विद्यार्थीले मात्र उच्च शिक्षामा मूल विषयका रूपमा अध्ययन गर्ने गरेका छन् ? दर्शनशास्त्रको रूपमा उच्च शिक्षामा पठनपाठनका लागि के-कस्ता विषयहरू समेटिएका छन् ? भन्ने विषयमाथि प्रकाश पार्नु नै यस लेखको प्रमुख उद्देश्य रहेको छ । यस लेखलाई गुणात्मक अनुसन्धान विधिको प्रयोग गरी सम्पन्न गरिएको छ । गुणात्मक विधिभित्रको व्याख्यात्मक विधिको आधारमा प्रस्तुत लेख तयार पारिएको छ । प्राथमिक र द्वितीयक दुवै स्रोतको प्रयोग गरेर तथ्याङ्क सामग्री सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्कको सङ्कलनको लागि व्यक्तिगत अन्तर्वार्ताको प्रयोग गरिएको छ भने द्वितीयक तथ्याङ्कको सङ्कलनको लागि पुस्तकालय कार्यको समेत प्रयोग गरिएको छ । पुस्तक, पत्रपत्रिका, शोधपत्रिका आदिलाई द्वितीय स्रोतका रूपमा लिइएको छ । दर्शनशास्त्रलाई समाजले सतही रूपमा बुझ्ने गरेका कारण विश्वविद्यालयमा दर्शनशास्त्र पढ्ने विद्यार्थीको सङ्ख्या कम भएको र दर्शनशास्त्रको पठनपाठन सरल र सहज ढङ्गले अघि बढ्न नसकेका कारण दर्शनशास्त्रको पठनपाठन प्रभावकारी बन्न सकेको अवस्था देखिँदैन ।

*शब्दकुञ्जी :* दर्शनशास्त्र, नेपाल, पठनपाठन, पाश्चात्य, पूर्वीय

## विषय परिचय

मानवसँग सम्बन्धित मन, ज्ञान, भ्रम, सत्यता, कारण वा अन्य यस्तै मानव जीवन-जगत्को विषयसँग सम्बन्धित अध्ययन गर्ने शास्त्र दर्शनशास्त्र हो । दर्शनको शाब्दिक अर्थ हेर्नु, देख्नु, केलाउनु भन्ने बुझिन्छ । संस्कृतमा दर्शन शब्दको “दृश्यते अनेन इति दर्शनम्” यस्तो निर्वचन पाइन्छ । यसको अर्थ देखिएको वस्तुको अर्थ निकाल्नु वा त्यस्तो हेराइ, जसले सम्पूर्णताको अध्ययन गरी साकार परिणाम दिन्छ, त्यो दर्शन हो भन्ने बुझिन्छ । दर्शन वास्तविक र सत्य ज्ञानको महत्त्वपूर्ण सिद्धान्त हो, जसले समग्र जीवन र जगत्को व्याख्या गर्दछ । यसबाट के बुझिन्छ भने दर्शन अनुसन्धानहरूको पनि अनुसन्धान हो, जसले प्रमाण र सत्यतथ्यको मात्रै व्याख्या गर्दछ र मनमा उत्पन्न हुने विभिन्न जिज्ञासा र तर्कहरूको समाधान दिन्छ (अर्याल, २०५५, पृ. ४) ।

दर्शनले कुनै पनि विषयवस्तुको व्याख्या र विश्लेषण गर्ने, समस्यामाथि चिन्तन मनन गर्ने र सप्रमाण सिद्धान्त जारी गर्ने जस्ता कार्यहरू सम्पादन गर्दछ भन्न सकिन्छ । दर्शनका पनि विभिन्न क्षेत्रहरू रहेको पाइन्छ ।

जस्तै : सत्यको सिद्धान्तको व्याख्या गर्ने, ज्ञानका स्रोतको बारेमा व्याख्या गर्ने, मूल्यका सिद्धान्त र तर्कहरू पुष्टि गर्ने आदि । जसलाई तत्त्व मीमांसा वा मेटाफिजिक्स, ज्ञानशास्त्र वा एपिस्टेमियोलोजी, मूल्यशास्त्र वा एक्जियोलोजी र तर्कशास्त्र वा लजिक पनि भनिन्छ । यसका पनि अनेक उपक्षेत्रहरू रहेका छन्, जसले सृष्टिविज्ञान, धर्मशास्त्र, मानिसको स्वरूप, सत्यता र पहिलो पदार्थका बारेमा अनेक व्याख्या विश्लेषण गरेको पाइन्छ । त्यस्तै, मानिसको ज्ञान ईश्वरीय वाणीबाट र धर्मग्रन्थबाट, आधिकारिक विज्ञबाट, अन्तर्मनले देखेर, तर्क र अनुभव जस्ता माध्यमले प्राप्त हुन्छ भनी दर्शनशास्त्रले व्याख्या गरेको पाइन्छ । मानव सभ्यताको विकासक्रमदेखि नै दर्शनको सुरुवात भएको र त्यही दर्शन आजको विकसित अवस्थामा आइपुगेको हो भन्न सकिन्छ (उपाध्याय, २०६६, पृ. १३) ।

दर्शन शब्दको प्रयोग सर्वप्रथम ई.पू. ५८० मा पाइथागोरसले गरेका थिए । पाइथागोरस एक ठुला गणितज्ञ, दार्शनिक र धार्मिक व्यक्तित्व हुन् । उनको “अल थिङ्स आर नम्बर” सिद्धान्त प्रसिद्ध रहेको पाइन्छ । उनले प्रयोग गरेपछि यो शब्द सर्वत्र प्रयोग हुँदै आएको छ । नेपालीमा दर्शन शब्द संस्कृत भाषाको “दृश्” धातुबाट बनेको मानिन्छ, जसको शाब्दिक अर्थ देख्नु वा हेर्नु भन्ने हुन्छ । कुनै वस्तु, घटना, व्यक्ति, व्यवहार, विचार, सिद्धान्त, विश्वब्रह्माण्डलाई हेर्ने विश्वदृष्टिकोणलाई दर्शनले प्रतिविम्बित गर्दछ । त्यसैगरी दर्शनलाई अङ्ग्रेजी भाषामा फिलोसफी भनिन्छ । यो शब्द ग्रिक भाषाका दुई शब्द फिलोस र सोफियाबाट बनेकोको हो । यहाँ फिलोसको अर्थ मोह (लभ) र सोफियाको अर्थ ज्ञानप्राप्तिको मोह (लभ अफ विज्डम) भन्ने बुझिन्छ । जुन व्यक्तिमा ज्ञान प्राप्त गर्ने मोह हुन्छ, त्यसैतिर हरदम लागिरहन्छ, त्यस्ता व्यक्तिलाई दार्शनिक भनिन्छ (एम्. हिरियन्ना, सन् १९६९, पृ. ७) ।

मानव विकासको क्रममा जे-जस्तो वातावरण विकास हुँदै आयो, त्यही वातावरणलाई पहिचान गर्ने र समायोजन गर्ने प्रयत्न हुँदै आयो । विभिन्न वस्तु, ब्रह्माण्ड, कहाँबाट सुरु भई कहाँ अन्त्य हुन्छ ? मानवसमाज कसरी गतिशील बन्यो ? गतिशीलताका कारणहरू के के हुन् ? ब्रह्माण्ड, सत्य, खोज, मानिस, आत्मा, चेतना, विश्वास, संस्कृति, म आदि विभिन्न विषयको सुरुवात र अन्त्य के कसरी हुन्छ ? जस्ता प्रश्नहरूको उत्तर खोज्ने क्रममा दर्शनको सुरुवात भएको पाइन्छ । दर्शनको उत्पत्ति जीव, जगत्, विचार, वातावरण, जिज्ञासा, कौतूहलता, सन्देह, आश्चर्य, दुःख जस्ता विविध कारणहरूबाट भएको मानिन्छ । दर्शनको उत्पत्तिकाल यही नै हो भनी किटान गर्न सकिँदैन, तर मानव विचारको, सृष्टिको, ब्रम्हाण्डको, सत्यको, विश्वासको र खोजीको सुरुवातसँगै दर्शनको पनि सुरुवात भएको हो भन्ने अनुमान गर्न सकिन्छ ।

दर्शनशास्त्रका बारेमा विभिन्न विद्वान्हरूले गरेका परिभाषाहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गर्नु सान्दर्भिक रहने हुनाले केही दर्शनसम्बद्ध परिभाषाहरू यहाँ प्रस्तुत गरिएका छन् :

“सत्यलाई माया गर्ने व्यक्ति दार्शनिक हुन्” -सुकरात । “पारलौकिक वस्तुहरूको वास्तविक प्रकृति पत्ता लगाउने विज्ञान दर्शन हो” -अरस्तु । “सम्पूर्ण कलाहरूको जननी र दिमागको सच्चा औषधी दर्शन हो” -सिसेरो । “विज्ञानका आधारहरूको तार्किक अध्ययन नै दर्शन हो” -रसेल (गिरी, २०५५, पृ. ९) ।

यसरी दर्शन शब्द सम्पूर्ण जीव र जगत्सँग सम्बद्ध शास्त्रका रूपमा स्थापित हुनाले दर्शनलाई पूर्वीय दर्शन (इस्टर्न फिलोसफी) र पाश्चात्य दर्शन (वेस्टर्न फिलोसफी) गरी दुई भागमा बाँडी अध्ययन गर्ने परम्परा विकास भएको पाइन्छ । पूर्वीय (पूर्वेली) दर्शन खास गरी वेदमा आधारित दर्शन हो । वेद आफैँमा दर्शन भने होइन तर दर्शनको आधार भने अवश्य हो । वेदलाई आधार मानी मुख्यतया ६ वटा दर्शनशास्त्रहरू विकसित भएका पाइन्छन् : न्यायदर्शन, वैशेषिकदर्शन, साङ्ख्यदर्शन, योगदर्शन, मीमांसादर्शन र वेदान्तदर्शन । अर्कोतर्फ वेदलाई पूर्ण रूपमा नमान्ने दर्शनहरू पनि देखिन्छन् । जस्तै : चार्वाक् दर्शन, बुद्धदर्शन र जैनदर्शन । यी दर्शनहरूलाई पूर्वीय चिन्तन

परम्परामा नास्तिक दर्शनका रूपमा लिने गरिन्छ तापनि यी दर्शनहरू केही अंशमा भने अध्यात्मवादतर्फ पनि झुकेका पाइन्छन् । चार्वाक् दर्शनले जगत् सत्य मान्दछ । चेतनाको उत्पत्ति भौतिक तत्त्वबाट हुन्छ, शरीर नै आत्मा हो, शरीर मरेपछि आत्माको पनि नाश हुन्छ भन्ने यसको मान्यता रहेको पाइन्छ । यसले ईश्वर र परलोकलाई मानेको देखिदैन । वस्तुत : पूर्वीय दर्शन शास्त्रमा षड्दर्शनलाई आस्तिक र चार्वाक् दर्शन, बुद्धदर्शन र जैनदर्शनलाई नास्तिक दर्शनका रूपमा ग्रहण गरेको पाइन्छ (गिरि, २०५५, पृ. ११) ।

युरोपीय महाद्वीपदेखि पूर्वतर्फका दार्शनिकहरूको चिन्तन भएको हुनाले यस क्षेत्रको दार्शनिक चिन्तनलाई पूर्वीय दर्शन भनिएको हो । पूर्वीय दर्शनलाई जुनसुकै नामले विश्लेषण गरिए पनि यसले जीवन र जगत् सत्य छ, शक्ति नै सर्वोपरि छ, जीवन र जगत्मा संसार अडेको छ, हामी मानव भगवान्का सिर्जना हौँ, शरीर मरणशील छ, आत्मा अमर छ, मानवीय असल कर्मले नै उसलाई जीवन र जगत्को नजिक पुऱ्याउँछ भन्ने मान्यता वस्तुत : दर्शनशास्त्रले अभिव्यक्त गरेको पाइन्छ । धर्म, संस्कार, सांस्कृतिक सभ्यता, कला, वेद र प्रकृतिमा आधारित चिन्तन-परम्परालाई नै पूर्वीय चिन्तन भनिन्छ (टण्डन, २०६७, पृ. १४) ।

खासगरेर हिमवत्खण्ड तथा यसका दक्षिणी भेगको दार्शनिक चिन्तन-परम्परा नै पूर्वीय दर्शनका रूपमा स्थापित भएको मान्न सकिन्छ । पूर्वीय दर्शनमा नास्तिक र आस्तिक दर्शन गरी दुई भागमा विभाजन गर्ने परम्परा रहेको देखिन्छ । अनेकौँ दर्शनशास्त्र र धर्मशास्त्रहरूअनुसार आत्मा जीवनको एउटा अङ्ग हो । मानव प्राणी, जो अलौकिक छ, त्यसको मृत्युपश्चात् पनि आत्माको मृत्यु हुँदैन । विज्ञानले आजसम्म यसबारे केही पनि पत्तो लगाउन सकेको देखिँदैन, किनभने आत्माको जाँचको लागि कुनै पनि नियन्त्रण-मार्ग देखिन्न । मृत्युपश्चात् के हुन्छ ? भन्ने बारेमा मान्छेहरूका आआफ्ना धारणाहरू रहेका पाइन्छन् (भट्टराई, २०४०, पृ. ९) ।

पाश्चात्य दर्शनहरूमा भौतिकवादी, आध्यात्मवादी, अनुभववाद, व्यवहारवाद, यथार्थवाद, अस्तित्ववाद, प्रगतिवाद, बहुलवाद आदि दर्शनसम्बद्ध चिन्तनहरू पाइन्छन् । कालखण्डको आधारमा पाश्चात्य दर्शनलाई तीन भागमा बाँडेर अध्ययन गरिन्छ । ई.पू. ५०० सम्मको काललाई प्राचीनकाल मानिन्छ । यस कालमा सोक्रेटस र अरस्तुसम्मका दार्शनिकहरूले दर्शनमा ठुलो योगदान पुऱ्याएका थिए । मध्यकालीन दर्शन ई.पू. ५०० देखि करिब पन्ध्रौँ शताब्दीसम्मको अवधिलाई मध्यकालीन दर्शन मानिन्छ । यस कालका दार्शनिकहरूमा प्लेटो, अगस्टिन, सेन्ट थोमस, अक्वानिस आदि प्रसिद्ध मानिन्छन् । मध्यकालीन दार्शनिकहरू बढी आध्यात्मिक दर्शनबाट प्रभावित भएको पाइन्छ । ईश्वर सर्वशक्तिमान् भएकाले ईश्वरको तुलना अरू कसैसँग हुननसक्ने तर्क पेस गर्दै ईश्वरको अस्तित्व प्रमाणित गर्ने कोसिस यिनीहरूले गरेका छन् (भूसाल, २०६८, पृ. १८) ।

आधुनिक पाश्चात्य दर्शनको विकास पन्ध्रौँ शताब्दीपछि मानिन्छ । यस कालमा अधिकतम दार्शनिकले दर्शनका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका छन् । जस्तै- देकार्त, जसलाई आधुनिक पाश्चात्य दर्शनका जन्मदाता मानिन्छ । उनले अप्रमाणित कुरा असत्य र अविश्वासी हुने बताएका छन् । जोहन लकले इन्द्रियबिना कुनै ज्ञान प्राप्त गर्न नसकिने कुरा भन्दै इन्द्रियजन्य ज्ञान नै सर्वशक्तिमान् ज्ञान हो भनेको पाइन्छ । त्यसैगरी हेगेल, कार्ल मार्क्स, रुसो आदि पनि यसै कालका दार्शनिकका रूपमा विश्वप्रसिद्ध मानिन्छन् । यस कालमा पाश्चात्य दर्शनमा कार्ल मार्क्स विशेष चर्चित मानिन्छन् । उनले द्वन्द्वात्मक भौतिकवादी दर्शन प्रस्तुत गरेर दर्शनको क्षेत्रमा ठुलो क्रान्ति नै ल्याएको मान्यता राखिन्छ (मिश्र, २०६५, पृ. १९) ।

दृष्टिकोणको आधारमा दर्शनलाई दुई भागमा बाँडेर अध्ययन गर्न सकिन्छ : भौतिकवादी र आदर्शवादी । यी दुवै दर्शन एक-अर्काका विरोधी रहेका देखिन्छन् । आदर्शवादी दर्शनले यो विश्व ब्रह्माण्ड अबोधगम्य छ । यो

ब्रह्माण्ड एउटा सुपर शक्तिले सञ्चालन गरेको छ । यो ब्रह्माण्डमा जे जति घटना हुन्छन्, उनैको लीला हो, मानिसजस्तो तुच्छ प्राणीले उनको लीला बुझ्न सक्दैन अर्थात् संसार बोधगम्य छैन भन्ने मान्यता राखेको पाइन्छ । भौतिकवादीहरूले संसार बोधगम्य छ र चेतनाभन्दा वस्तु प्रधान हुन्छ, मानिसले चाहेमा सम्पूर्ण कुराको ज्ञान प्राप्त गर्न सक्दछ भन्ने मान्यता राख्दछन् । संसारमा कतिपय कुरा अनुत्तरित छन् । त्यसो हुनुको कारण त्यस विषयमा गहन अध्ययन हुन बाँकी छ भन्ने हो । भौतिकवादले विज्ञानसम्मत कुरालाई मान्दछ भने आदर्शवादले धर्मलाई अगाडि सार्दछ (रिसाल, २०५६, पृ. २१) ।

## अध्ययनविधि

यो अध्ययनलाई पूरा गर्न गुणात्मक अनुसन्धानात्मक विधिको प्रयोग गरिएको छ । नेपालमा दर्शनशास्त्रको पठनपाठनको विषयमाथि प्रकाश पार्न प्राथमिक तथा माध्यमिक दुवै स्रोतबाट सूचनाहरू सङ्कलन गरिएको पाइन्छ। यसरी यस लेखमा सङ्कलन गरिएका सूचना र सामग्रीलाई व्याख्यात्मक विधिको प्रयोग गरी व्याख्या विष्लेषण गरिएको छ। प्राथमिक स्रोतको रूपमा नेपालमा दर्शनशास्त्रको अध्यापन गर्दै आउनु भएका प्रध्यापकहरूलाई लिइएको छ । यस्ता प्राध्यापकहरूको छनौट गर्दा रेन्डम स्याम्पलिङ विधिको प्रयोग गरेर नेपाल संस्कृत विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालयमा हाल अध्यापन गर्दै आउनु भएका दर्शनसँग सम्बद्ध प्राध्यापकहरू र स्वतन्त्र दार्शनिक एक जना गरी पाँच जनासँग विषयगत प्रश्न सोधेर सूचनाहरू सङ्कलन गरिएको छ। यसरी छानिएका उत्तरदाताहरूको गोपनीयतालाई ध्यानमा राखी सहभागी एक, सहभागी दुई, सहभागी तीन, सहभागी चार, सहभागी पाँच भनेर नामकरण गरिएको छ । यस्तै सूचनाको द्वितीय स्रोतको सामग्री सङ्कलन पुस्तकालयीय कार्य र अध्ययन विधिको प्रयोग गरेर गरिएको छ । पुस्तक, पत्र-पत्रिका, शोधग्रन्थ, शोधपत्रिकालाई द्वितीय सूचनाको प्रमुख स्रोतका रूपमा लिइएको छ। अध्ययनको निष्कर्ष प्राथमिक र द्वितीयक दुवै तथ्याङ्कस्रोतको आधारमा निकालिएको छ ।

## उत्तरदाताको सामाजिक अवस्था

पहिलो उत्तरदाता : पचास बर्षको पुरुष, विगत २० बर्षदेखि त्रिभुवन विश्वविद्यालयमा दर्शनशास्त्र पठनपाठन गर्दै आउनु भएको छ । उहाँ त्रिभुवन विश्व विद्यालयमा दर्शनशास्त्र विषयको विषय समितिमा पनि रहनु भएको छ ।

दोस्रो उत्तरदाता : महिला ४५ वर्ष, उहाँ लुम्बिनी विश्वविद्यालयमा विगत १० वर्षदेखि बौद्धदर्शन अध्यापन गर्दै आइरहनु भएको छ ।

तेस्रो उत्तरदाता : वर्ष ६० का, काठमाडौँ विश्वविद्यालयमा पूर्वीय दर्शन विषयको प्रध्यापन गरिरहनु भएको छ। उहाँले काठमाडौँ विश्वविद्यालयमा अङ्ग्रेजी माध्यमबाट पूर्वीय दर्शनको अध्यापन गर्दै आउनु भएको छ ।

चौथो उत्तरदाता : ४० वर्षका, नेपाल संस्कृत विश्वविद्यालयमा सर्वदर्शन विषयको अध्यापन गर्दै आउनु भएको छ। उहाँले विगत दशवर्षदेखि सर्वदर्शन विषयको अध्यापन गर्दे आउनु भएको छ ।

पाँचौं उत्तरदाता : वर्ष ५५ का, दर्शनशास्त्रका व्याख्याता, उहाँले दर्शन विषयका लेखरचनारू प्रकाशित गर्नु भएको छ ।

**नेपालमा उच्च शिक्षामा दर्शनशास्त्र विषयको पठनपाठन विमर्श**

नेपालको सर्न्दभमा उच्च शिक्षा भन्नाले माध्यामिक तहभन्दा माथिको कक्षालाई बुझ्ने गरिन्छ । कक्षा एकदेखि आठसम्मलाई आधारभूत, नौदेखि बाह्रसम्मलाई माध्यमिक र त्यसभन्दा माथिको कक्षा, जसलाई संस्कृत विश्वविद्यालयमा शास्त्री, आचार्य, तथा अन्य विश्वविद्यालयमा स्नातक, स्नातकोत्तर र त्यसभन्दा माथिको तह, जसलाई एम.फिल र विद्यावारिधि नामकरण गरेर उच्च शिक्षा प्रदान गरिन्छ । विज्ञान प्रविधि, चिकित्साशास्त्र, इन्जिनियरिङ, कृषि, वन, व्यवस्थापनलाई छोडेर, मानविकी, शिक्षा, कानुन विषयमा स्नातकदेखि नै एउटा विषयमा दर्शन विषयलाई समेटेर पठनपाठन गर्ने-गराउने गरेको पाइन्छ । यसरी पठनपाठन गर्दा दर्शनका मूल विषयलाईभन्दा पनि दर्शनसँग कुनै पनि विषयलाई जोडेर अध्ययन गराइने गरेको पाइन्छ । नेपालको जेठो र ठुलो विश्वविद्यालयमा स्नातक र स्नातकोत्तर तहमा मूल विषयका रूपमा दर्शनशास्त्रको पठनपाठन गर्ने गरेको अवस्था छ । विगत लामो समयदेखि मुख्य विषयका रूपमा दर्शनशास्त्रको पठनपाठन हुन थालेको भए पनि सुरुदेखि नै दर्शनशास्त्र विषयमा विद्यार्थीको सङ्ख्या कम रहेको पहिलो उत्तरदाताले बताउनु भएको छ । उहाँका अनुसार, “नेपालमा दर्शनशास्त्रको पठनपाठनको लामो इतिहास भए पनि दर्शनशास्त्र पढेकाले दर्शन विषयलाई जीवन र व्यवहारमा उतार्न नसक्दा दर्शनशास्त्र पढ्नका लागि मात्र राखिएको विषयका रूपमा समाजले अर्थ्याउन लगाउन थाल्यो । दर्शनशास्त्रसँग सम्बन्धित विषय लोकसेवालगायत अन्य सेवामा नसमेटिनु र विद्यालय तहमा समेत दर्शनशास्त्रको विषय पठनपाठन नहुनु, दर्शन शास्त्र पढेर रोजगारजन्य अवसरहरू नपाइनुले दर्शन विषय पढ्ने विद्यार्थीको सङ्ख्या दिनानुदिन कम हुने गरेको छ (प्रथम उत्तरदाता) ।”

हाल त्रिभुवन विश्वविद्यालयमामा स्नातक तह प्रथम वर्षमा दुई सय, द्वितीय वर्षमा दुई सय, तृतीय वर्षमा दुई सय, चतुर्थ वर्षमा दुई सय गरी ८०० पूर्णाङ्क दर्शनशास्त्र विषयको पठनपाठन हुने गरेको छ (त्रिभुवन विश्वविद्यालय दर्शनशास्त्र विभाग, २०७८) । त्रिभुवन विश्वविद्यालयमा स्नातक तहमा मात्र दर्शनशास्त्रको पठनपाठन हुने गर्दछ भने नेपाल संस्कृत विश्वविद्यालयमा शास्त्री र आचार्य तहमा दर्शनशास्त्र विषयको पठनपाठन हुने गरेको छ । त्रिभुवन विश्वविद्यालयमा जस्तै नेपाल संस्कृत विश्वविद्यालयमा पनि बौद्धदर्शनको अध्ययन गर्न बुद्धदर्शन विषयको पठनपाठन हुने गरेको छ । यस्तै लुम्बिनी बौद्ध विश्वविद्यालयमा पूर्वीय दर्शन, बौद्धदर्शन आदिको विषयमा स्नातक तथा स्नातकोत्तर तहमा पठनपाठन हुने गरेको छ । यी तीनवटा सरकारी विश्वविद्यालयका साथै निजी क्षेत्रमा सञ्चालित काठमाडौँ विश्वविद्यालयमा पनि पूर्वीय दर्शनलाई ओरेन्टल फिलोसफी नाम दिएर दर्शनशास्त्रको पठनपाठन हुने गरेको छ । यस्तै नेपाल प्रज्ञा प्रतिष्ठानमा दर्शनशास्त्र विभागको गठन गरिएको छ । सबै शैक्षिक प्रतिष्ठान तथा विश्वविद्यालयमा दर्शनशास्त्रको विषयमा छलफल हुने गरेको भए तापनि दर्शनशास्त्र विषयको अध्ययनले नयाँ गति लिन सकेको अवस्था देखिदैन । संस्कृत शिक्षाको पठनपाठन ओरालो लागेपछि पूर्वीय दर्शनको प्रभाव पनि पठनपाठनमा कम हुन थालेको तर्क चौथो उतरदाताको रहेको छ ।

“जब नयाँ शिक्षा सुरु भयो संस्कृत शिक्षा र पूर्वीय दर्शनको पठनपाठन विद्यालय तहमा हुन छाड्यो । उच्च शिक्षामा पनि पूर्वीय दर्शनको भन्दा पश्चिमी दर्शनको पठनपाठन हुन थाल्यो । पूर्वीय दर्शन पढेकाहरूले आफूले जानेको विद्यालाई गुप्त विद्याको रूपमा प्रयोग गर्न थाले, विद्याको प्रचार प्रसारमा त्यति ध्यान दिइएन, पहिलो पुस्ताको अन्त्यसँगै संस्कृत शिक्षामा आधारित पूर्वीय दर्शनको अवस्थामा कमी आयो । पुनः केही युवाले पश्चिमी दर्शनकै शैलीमा पूर्वीय दर्शनको प्रचारप्रसार गर्न थालेको अवस्था छ, तर यस प्रकारको प्रचारप्रसार ओजपूर्ण र शास्त्रसम्मतभन्दा पनि लोकप्रियतामा आधारित देखिन्छ (दोस्रो उत्तरदातासँगको संवादमा आधारित, २०८०) ।”

चौथो उत्तरदाताले नेपालमा दर्शनशास्त्रको पठनपाठनमा समस्या देखिनुको पछाडि संस्कृत शिक्षामा आएको कमी हो भन्ने विषयलाई जोड दिएका छन् भने दोस्रो उत्तरदाताले दर्शनशास्त्रको पठनपाठनमा कमी आउनुको पछाडि एक मात्र कारण नभएर धेरै कारणहरू भएको विषयलाई उठान गर्नुभएको छ। यस विषयलाई प्रकाश पार्दै दोस्रो उत्तरदाताले यसरी स्पष्ट पार्नु भएको छ कि : "कुनै पनि विषयको पठनपाठनको प्रभाव त्यस विषयले सृजना गर्ने रोजगारी, समाजमा त्यस विषयप्रतिको प्रचारप्रसार, शासकवर्गको विषयप्रतिको रवैया यी सबैको महत्त्वपूर्ण भूमिका रहन्छ। दर्शनशास्त्र विषयको कुरा गर्दा शासकवर्गको नजरमा दर्शनशास्त्र कहिले पनि राम्रो विषय बनेन, सर्वसाधारणले दर्शनशास्त्रको विषयलाई रोजगारीको विषय ठानेनन् त्यस कारण यो विषयप्रतिको आर्कषण त्यति देखिएन तैपनि शिक्षा, कानुन साहित्य, समाजशास्त्र जस्ता विषयले दर्शनशास्त्र विषयलाई पठनपाठनको विषय बनाएकै अवस्था छ। पूर्वीय दर्शनको प्रचारमा बौद्ध अध्ययन, ओरेन्टल स्टडिज आदिको नामले प्रचारप्रसार पनि भइरहेको छ।"

दोस्रो उत्तरदाताले दर्शनशास्त्रको पठनपाठनलाई देशको समयसन्दर्भ, समाजको अवस्था आदिले प्रभाव पारेको विषयलाई उठान गर्नुभएको छ भने तेस्रो उत्तरदाताले दर्शनशास्त्रको पठनपाठन प्रभावकारी ढङ्गले अगाडि बढ्न नसक्नुको पछाडि प्रचारप्रसारको कमी र नीतिनिर्माताको उदासीनतालाई औँल्याउनुभएको छ। यस विषयमा उहाँले राख्नुभएको धारणा यस प्रकार रहेको छ :

"दर्शनशास्त्रको आधारभूत विषय र यसले मानव जीवनमा पार्ने प्रभावको बारेमा प्रचारप्रसार नहुँदा दर्शनशास्त्रको पठनपाठनलाई अगाडि बढाउन समस्या देखिएको भान हुन्छ तर विकसित देशमा भौतिकवादी चिन्तन र वस्तुवादी व्यवहारले गर्दा अतालिएका मानिसहरूमा दर्शनशास्त्रप्रति आर्कषण बढेको अवस्था छ। नेपालमा पनि ओरेन्टल फिलोसफी अध्ययनको लागि धरैले चाहना गरेको अवस्था छ। नेपालमा पनि अब केही वर्षमा फिलोसफी अध्ययनको लागि विद्यार्थीको आकर्षण बढ्ने देखिन्छ (दोस्रो उत्तरदातासँगको कुराकानी, २०८०)।"

दोस्रो उत्तरदाताले पश्चिमा जगत्मा भएको भौतिक परिर्वतनबाट वाक्क भएका मानव समुदाय विशेष गरेर पूर्वीय दर्शनमा आधारित आध्यात्मवादतर्फ उन्मुख हुनलागेको कारण सही ढङ्गले दर्शनशास्त्रको प्रचारप्रसार गर्नसके यसको पठनपाठनमा नयाँ आयाम थपिन सक्ने सम्भावनालाई उजागर गरेका छन्। यस्तै सङ्घीय सरकारअन्र्तगत रहेको नेपाल प्रज्ञा प्रतिष्ठानमा समेत दर्शनशास्त्रको गहनतालाई विचार गरेर दर्शनशास्त्र विभाग गठन गरिएको छ। त्यस विभागले विशेष गरेर प्राचीन धर्म, दर्शन र नेपालमा विकसित अन्य दर्शनको समेत प्रचार गर्ने गरेको छ। यसै विषयमा पाचौं उत्तरदाताले यस्तो विचार राख्नुभएको छ :

"नेपाल प्रज्ञा प्रतिष्ठानले विभिन्न विश्वविद्यालयमा आबद्ध विद्वान् तथा स्वतन्त्र विद्वान्हरूलाई दर्शनशास्त्रका विषयमा अनुसन्धान, अध्ययन, कृति प्रकाशनको लागि सहयोग गर्दै आएको छ। यस्तै समय समयमा दर्शनशास्त्रका विभिन्न विषयमा गोष्ठी, सेमिनारसमेत गर्ने गरेको छ तर पनि नेपाली समाजमा दर्शन विषयमा सोचेअनुसार चेतनाको विकास हुनसकेको अवस्था छैन। सरकारले दर्शनशास्त्रको विकासमा यथोचित बजेटको व्यवस्था गर्नसकेको अवस्था देखिदैन तैपनि दर्शनका विभिन्न विषयमा केही न केही काम भने हुँदै आएको छ।"

सबै उत्तरदाताले दर्शनशास्त्रको पठनपाठन र संरक्षणको विषयमा आ-आफ्ना धारणा अगाडि सार्नुभएको छ। एकको विचारसँग अर्कोको विचार नमिले पनि सबैमा दर्शनशास्त्रको विकास र विस्तार गर्नुपर्छ भन्ने तर्क रहेको छ तैपनि के कसरी कुन विधि अपनाएर जनमानसमा दर्शनशास्त्रका अमूल्य जीवनोपयोगी खुराक पुऱ्याउन सकिन्छ भन्ने स्पष्ट दृष्टिकोण छैन, जसको कारण पनि दर्शनशास्त्रको विकास र विस्तारमा नेपाल पछाडि परेको भान हुन्छ।

एसियाका ज्योति गौतम बुद्ध अहिंसा र सत्कर्म शिक्षाका अद्वितीय दार्शनिक, साधक र सिद्धात्मा हुन् । उनले मानव समाजका लागि मात्र अहिंसा सिद्धान्त प्रतिपादन गरेनन्, उनी समस्त प्राणीका पूजारी बने । चातुरार्य सत्य, अष्टमार्ग, पञ्चशीलका सिद्धान्त बुद्धदर्शनका निष्कर्ष हुन् । खराब नगर्नू, सत्य गर्नू, मन स्वच्छ राख्नू बुद्धवाणी हो, जसले मानव सभ्यता संवर्द्धन गर्न बल पुऱ्याउँछ । गौतम बुद्धका अनुसार यदि वाणी सही र दयालु छ भने यसले विश्व बदल्नसक्छ । आफ्नो दियो (प्रकाश) आफै बन्नुपर्छ । बुद्ध दया, सत्य र अहिंसाका प्रचारक र प्रयोक्ता पनि बने । त्यसैले बुद्धवाणीहरू दया र सत्यका खानी हुन् । ती व्यावहारिक मात्र होइनन्, शाश्वत पनि छन् ।

पूर्वीय दर्शनभित्रकै बुद्धदर्शन आज विश्वभर फैलिएको छ । यस दर्शनको भाव पनि कर्मको कारण र प्रभाव बिचको सम्बन्ध के हो ? कर्मको प्रभावका कारण पुनर्जन्म हुन्छ वा हुँदैन ? कर्मको निवारण कसरी गर्न सकिन्छ ? भन्ने लगायतका विषयमा केन्द्रित रहेको छ । जति भए पनि नपुग्ने तृष्णा नै दुःखको मुख्य कारण हो । दुःखबाट छुटकारा पाउन असल कर्म गर्नुपर्दछ र कर्मको निवारण अष्टमार्गको ज्ञान र सोको अवलम्बनबाट मात्र सम्भव छ ।

त्यस्तै भगवान् दास, रामकृष्ण परमहंस, रवीन्द्रनाथ टैगोर, श्री अरविन्द, कृष्णचन्द्र भट्टाचार्य, सर्वपल्ली राधाकृष्णन्, मुहम्मद इकवाल आदि दार्शनिकहरूले मौलिक विचारसहित आधुनिक दर्शनको विकासमा योगदान दिएको पाइन्छ। नेपाली माटोमा गुणनिधि, महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाट्यसम्राट् बालकृष्ण सम, कविशिरोमणि लेखनाथ पौड्याल, सन्त शशिधर, ज्ञान दिलदास, जयपृथ्वीबहादुर सिंह, विश्वेश्वर प्रसाद कोइराला, मदन भण्डारी, रूपचन्द्र बिष्ट, गोविन्द, भट्ट, षडानन्द अधिकारी, गुरु गोरखनाथ, फाल्गुनन्द लिङ्देन, योगमाया न्यौपाने, पुष्पलाल, शिवपुरी बाबा, योगी नरहरिनाथ, खप्तड बाबा, मदनमणि दीक्षित, मोदनाथ प्रश्रित, योगी विकासानन्द आदिले विभिन्न विचारका माध्यमबाट दर्शनको विकास परिमार्जन र संरक्षण संवर्द्धनमा योगदान थपेको पाइन्छ ।

मानिसमा धैर्य, उपकार, संयम, चोरी नगर्नु, पवित्रता, शुद्ध आचरण, विवेक र यथार्थ ज्ञान हुनुपर्छ भनिएको छ र उपायहरू पनि सुझाइएको छ । जुन विज्ञान सम्मत छन् । अपरिहार्य छन् । व्यक्तिले त्यो विशेषता हासिल गर्नसक्दा त्यसले नै दीर्घकालीन, शान्ति, खुसी र आनन्द मिल्छ । वस्तुतः पूर्वीय दर्शनशास्त्रहरूको सारका रूपमा आफूलाई असत्यबाट सत्यको नजिक लैजाऊ । अन्धकारबाट प्रकाशको नजिक लैजाऊ र आफूमा आत्मतत्त्व बोध गरी परमार्थमा पुग भन्ने आदि सदुपदेशहरू पाइन्छन् ।

नेपाल दर्शन र ज्ञानको उद्गमस्थल भए पनि विगतमा ऋषि महर्षिहरूले विकास गरेका जीवनदर्शनका आधार भूत विषयलाई नेपाली समाज, राज्यव्यवस्था र विद्यमान शासक वर्गले भुल्दै गएका कारण नैतिकतामा गम्भीर प्रश्न उठेको छ, जसको कारण भ्रष्टाचार, चोरी, ठगी, बद्मासी र नाफाखोर जस्ता छलकपटले महत्त्वपूर्ण स्थान ओगटेको देखिन्छ। चाणक्यले भने झैँ केही नेपाली समाज र राज्यसँग मेल नखाने विषयलाई सामाजिक सञ्जालमा छाएर त्यसैलाई दर्शन मानेर कतिपयले पारदर्शितामाथि आफूअनुकूल व्याख्या गरेको पाइन्छ । संस्कृत विद्यामा भएका उत्कृष्ट जीवन दर्शनको भन्दा निकृष्ट दर्शन निर्माण गरिँदै छ, जस्तै ढाँटछल, गुप्त विद्या, अनावश्यक हेराइ कोराइ गर्ने कर्मवादीभन्दा भाग्यवादी बन्ने, यो जन्मको भन्दा पूर्वजन्म र भविष्यको बारेमा चिन्तन गर्ने दर्शनको एउटा धारले बढोत्तरी पाएको छ भने अर्कोतर्फ राजनीतिमा आधारित मार्क्सवादी, माओवादी, पुँजीवादी, समाजवादी जस्ता दर्शनको पनि व्याख्या विश्लेषण भएको देखिन्छ। यस्तै दर्शन धर्मभन्दा बाहेकका भौतिकवादमा आधारित नास्तिकहरूको जमात बढोत्तरी हुँदै गएको अवस्थामा इसाइ धर्ममा आधारित जीवनदर्शनको पनि नेपालमा प्रभाव बढेको अवस्था देखिन्छ । यस्तै विश्वविद्यालयका पाठ्यपुस्तकहरूले समेत पश्चिमका अरस्तु र प्लेटोको जुन ढङ्गले व्याख्या विश्लेषण गरेका छन् त्यो ढङ्गले पूर्वीय दर्शनको बारेमा नामसम्म उच्चारण गरेको

पाइँदैन । राज्यव्यवस्थाले सकेसम्म पूर्वीय दर्शनलाई विवादित र निकम्मा बनाउन लागिपरेका कारण नेपालका विश्वविद्यालयमा पूर्वीय दर्शनशास्त्रको सकारात्मक ढङ्गले व्याख्या विश्लेषण हुनाको साटो पश्चिमसँग तुलना गराउने परिपाटीको विकास पनि केही विश्वविद्यालयले गर्दै आएका छन् । यसरी तुलना गराएर पूर्वीय धर्म र दर्शनलाई पश्चिमाभन्दा कमजोर, अवैज्ञानिक, आदिको पगरी गुथाउन जानेर वा नजानेर विश्वविद्यालयका अनुसन्धान केन्द्रहरू लागिपरेका देखिन्छन् । यसरी नेपालमा दर्शनशास्त्र पठनपाठन र अनुसन्धानको कुरा गर्दा पश्चिमा दर्शनको प्रवर्द्धन र पूर्वीय दर्शनको मानमर्दन भएको अवस्था तड्कारो देख्न सकिन्छ ।

## निष्कर्ष

पूर्वीय र पाश्चात्य चिन्तनपरम्पराका सकारात्मक एवं व्यावहारिक आयामहरूको समन्वयात्मक दृष्टिकोणलाई अनुसरण गर्दा मानवकल्याण, समाज विकास र विश्वशान्ति प्राप्त गर्न सकिन्छ । धर्म, संस्कार, संस्कृति, कला र साहित्यसँग जोडिएको पूर्वीय चिन्तनपरम्परामा मानवको चरित्र र सामूहिकतालाई महत्त्व दिएको हुन्छ भने पाश्चात्य चिन्तन परम्परामा वैज्ञानिक खोज, आधुनिक प्रविधि, आलोचनात्मक चेतसहितको ज्ञान र तर्कशास्त्रलाई विशेष प्राथमिकता दिइएको पाइन्छ । यी दुवै बेग्लाबेग्लै चिन्तनपरम्पराको सकारात्मक र व्यावहारिक पक्षको समन्वयात्मक प्रयासबाट अघि बढ्नसकेमा विश्वव्यापी शासनप्रणालीबाट नेपालले पर्याप्त लाभ लिनसक्ने देखिन्छ । सत्य र अहिंसाको भावना मर्दै गएको, शान्ति र सद्भावको अवस्था कमजोर रहेको, अपराधका नयाँ नयाँ शृङ्खला बढ्दै गएको, जाति, धर्म एवम् क्षेत्रीय सम्प्रदायजस्ता विषयमा राजनीतिकरण हुने गरेको, हिंसाहत्या, बलात्कार, यौनर्दुव्यवहार जस्ता घटना बढ्दै गएको, भ्रष्टाचार मौलाएको, नैतिकता एवं लोकतान्त्रिक मूल्यमान्यतामा ह्रास आएको, मानवता दिनप्रतिदिन दयनीय बन्दै गएको, विकृति विसङ्गति एवं सामाजिक विचलन बढ्दै गएको अवस्थामा पूर्वीय दर्शन र सभ्यताबाट पाठ सिकेर अघि बढ्नुपर्ने आवश्यकताको अपरिहार्यता रहेको देखिन्छ । पूर्वीय दर्शन र सभ्यताबाट पाठ सिकेर दयनीय अवस्थामा रहेको नैतिकता, सदाचारयुक्त कार्य र संस्कृतिको अभाव, विशृङ्खलित बनेको राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, सार्वभौमसत्ताको एकरूपता कमजोर रहेको अवस्थामा मानवीय मूल्यहरू आत्मसात गर्दै आफू र समाजप्रति इमान्दार र कर्तव्यनिष्ठ हुन र बनाउन सक्ने देखिन्छ ।

## सन्दर्भ-सामग्री

अर्याल, दुर्गाप्रसाद (२०५५). *"देवकोटाका निबन्धमा निहित दर्शन"* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). म.सं.वि. ।

उपाध्याय, गोविन्दशरण (२०६६). *आर्यदर्शन.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

एम्, हिरियन्ना (सन् १९६९). *भारतीय दर्शनकी रूपरेखा.* (अनु. डा.गोवर्धन भट्ट आदि). दिल्ली : रामकमल प्रकाशन ।

गिरी, स्वामी रामानन्द (२०५५). *जनकदर्शन.* (अनु. रामहरि तिमिल्सिना). भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

टण्डन, गोविन्द (२०६७). *ज्ञानको चमत्कार.* ललितपुर : रवि पराजुली, केशव पराजुली, सीताराम खत्री, स्वाध्याय परिवार ।

भट्टराई, बैजनाथ (२०४०). *दर्शनपरिचय.* सुनसरी धरान : बैजनाथ भट्टराई ।

भूसाल, वेदुराम (२०६८). *नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू.* काठमाडौं : ने.प्र.प्र. ।

मिश्र, वीरेन्द्रप्रसाद (२०६५). *दर्शनशास्त्रपरिचय.* (दोस्रो संस्क.). काठमाडौं : नेपाल च्यारिटी फाउन्डेसन ।

रिसाल, शिवगोपाल (२०५६). *अभेद दर्शन,* ललितपुर : अनादिगोपाल रिसाल ।

मुसलगाँवकर, गजानन शास्त्री (सम्पा.) (सन् २०२४). *तत्त्वप्रदीपिका.* (सम्पादन). वाराणसी : चौखम्बा संस्कृत सदन ।

शास्त्री, श्रीराम (सन् १९८३). *वेदान्तपरिभाषा,* वाराणसी : चौखम्बा संस्कृत सदन ।

दण्डी (२०२८). *काव्यादर्श.* वाराणसी : चौखम्बा संस्कृत सदन ।